बैठक संख्याः ३१।२०८०

बैठक मितिः २०८०।११।१४, समयः दिनको २:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८०।११।१४ गते सोमबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री आशिष काफ्ले | अपाङ्गता सहायता सहजकर्ता | |
| ३ | श्री | | |

बैठक संख्याः ३१।२०८०
बैठक मितिः २०८०।११।१४, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : संघीय समानिकरण अनुदान घटेको सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : झुम्केश्वर मन्दिरदेखि चतरा बसपार्कसम्मको बाटो चौडाइ बढाउने सम्बन्धमा ।
३. प्रस्ताव नं. ३ : स्थानीय विदा दिने सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : शालिक निर्माण सम्बन्धमा ।
५. प्रस्ताव नं. ५ : पुरानो घरको अभिलेखिकरण सम्बन्धमा ।
६. प्रस्ताव नं.६ : ४ नं. वडा कार्यालयको सिडी निर्माण सम्बन्धमा ।
७. प्रस्ताव नं. ७ : न्यायिक समितिको इजलास निर्माण सम्बन्धमा ।
८. प्रस्ताव नं. ८ : सडक बत्ती जडान सम्बन्धमा ।
९. प्रस्ताव नं. ९ : प्रोत्साहन रकम सम्बन्धमा ।
१०. प्रस्ताव नं. १०: कम्प्युटर खरिद सम्बन्धमा ।
११. प्रस्ताव नं. ११: ज्यालादारीमा इन्जिनियरलाई कामकाज लगाउने सम्बन्धमा ।
१२. प्रस्ताव नं. १२: दैनिक ज्यालादारीमा कामकाज लगाउने सम्बन्धमा ।
१३. प्रस्ताव नं. १३: कम्प्युटर तथा मेसिनरी औजार खरिद सम्बन्धमा ।
१४. प्रस्ताव नं. १४: सडक ग्राभेल सम्बन्धमा ।
१५. प्रस्ताव नं. १५: ठेक्काबाट बचत बजेट कार्यान्वयन सम्बन्धमा ।
१६. प्रस्ताव नं. १६: आर्थिक सहायता सम्बन्धमा ।
१७. प्रस्ताव नं. १७: रामजानकी मन्दिर रंगरोगन सम्बन्धमा ।
१८. प्रस्ताव नं.१८: ज्यालादारीमा कार्यरत कर्मचारीको सुविधा सम्बन्धमा ।
१९. प्रस्ताव नं.१९: मनोबविमर्श तालिममा सहभागिता सम्बन्धमा ।
२०. प्रस्ताव नं.२०: सेवा थप सम्बन्धमा ।
२१. प्रस्ताव नं.२१: सुचना प्रविधि विज्ञको रुपमा सहयोग लिने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौंको च.नं. १०६ मिति २०८०।१०।२६ गतेको श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबैलाई सम्बोधन गरी वित्तीय सामानीकरण अनुदान हस्तान्तरण सम्बन्धी लेखिएको पत्रको सम्बन्धमा बैठकमा जानकारी भयो ।यस सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो|

**निर्णय नं. २**

चालु आ.व.२०८०।०८१ मा प्रदेश सरकारवाट रामधुनि नगरपालिका वडा नं. ५ स्थित झुम्केश्वर मन्दिर देखि चतरा बस पार्कसम्मको सडक निर्माण गर्नको लागि बजेट विनियोजन भई कार्य संचालनमा रहेको अवस्थामा झुम्केश्वर मन्दिरको सुरुविन्दु समेतमा सडकको चौडाई कम भई दोहोरो चार पांग्रे सवारी साधन आवत-जावत गर्न सक्ने अवस्था नभएको र चतरा वसपार्कलाई भविष्यमा स्तरोन्नती गरी विकास गर्न आवश्यक भएकोले झुम्केश्वर मन्दिरको सुरुविन्दुमा रहेको सटरहरु भत्काइ हटाइ झुम्केश्वर मन्दिर देखि चतरा बसपार्कसम्म नाला बाहेक एकै पटकमा दोहोरो चारपांग्रे सवारी साधन आवत जावत गर्न सकिने गरी उक्त सडकको चौडाइ वढाउने सम्बन्धमा स्थलगत अध्ययन गरी आगामी बैठकमा प्रतिवेदन गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री लेखनाथ बास्तोला (वडाध्यक्ष वडा नं.५) — संयोजक
२. श्री महेश कुमार चौधरी (वडाध्यक्ष वडा नं.१) — सदस्य
३. श्री रामनारायण चौधरी (वडाध्यक्ष वडा नं.२) — सदस्य
४. श्री वुधनारायण चौधरी (वडाध्यक्ष वडा नं.३) — सदस्य
५. श्री रजत अग्रवाल (इन्जिनियर) — प्राविधिक सदस्य

**निर्णय नं. ३**

नेपाल सरकारले सुचिकृत गरेको आदिवासी जनजाति मध्येको माझी समुदायले मौलिक संस्कृतिक परम्परा अनुसार भव्य रुपमा मनाउने १८ औं कोशी पुजा (लदिपुजा) को अवसरमा मिति २०८०।११।१५ गते मंगलवारको दिन रामधुनी नगरपालिका अन्तरगतको सम्पूर्ण कार्यालयहरुमा कार्यरत माझी समुदायका कर्मचारीहरु एवम् सम्पूर्ण शैक्षिक संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

रामधुनी नगरपालिका वडा नं. ३ स्थित हाल नगर कार्यपालिकाको कार्यालय संचालन रहेको स्थानमा नगर कार्यपालिकाको कार्यालय भवन निर्माणको लागि श्री गोमा देवी आचार्य र श्री निर्मल आचार्यको नाममा दर्ता कायम भएको जग्गा जग्गादाताले निःशुल्क उपलब्ध गराएको र जग्गादाता निर्मल आचार्यको हजुरबुवा स्व.जयनारायण आचार्य र हजुरआमा स्व. राधा देवी आचार्यको नामको शालिक एवम् शिलालेख राख्नको लागि जग्गा उपलब्ध गराएको समयमा मौखिक सहमति भए बमोजिम नगररपालिकाको कार्यालय रहेको कम्पाउण्ड भित्र उपयुक्त स्थान छनौट गरी शालिक राख्ने निर्णय गरियो ।



CamScanner

**निर्णय नं. ५**

रामधुनी नगरपालिकाको पुरानो घर नक्सा अभिलेखिकरणका लागि धेरै निवेदन परेको हुनाले घर नक्सा पास सम्बन्धि प्रक्रियामा नआएका, प्रक्रियामा आइ संरचनामा हेरफेर भएका तथा नगरपालिका हुनु पूर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्न घर नक्सा अभिलेखिकरण दिने प्राबधान रहेकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ को उपदफा (१) को खण्ड (घ) बमोजिमको तेब्बर दस्तुर लिई घर नक्सा पास अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

रामधुनी नगरपालिका, ४ नं. वडा कार्यालयको च.नं.१४३२ को मिति २०८०।११।१३को पत्रबाट वडा कार्यालयको सिडी निर्माणको लागि अनुरोध भई आएकोले प्राविधिक लागत अनुमान बमोजिम रु.१,९५,०००।— चालु आ.ब २०८०।०८१को समपूरक कोषमा विनियोजित बजेटमध्येबाट विनियोजन गरी उक्त सिडी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा न्यायिक समितिको इजलास निर्माण गर्न चालु आ.ब २०८०।०८१को समपूरक कोषमा विनियोजित बजेटमध्येबाट रु.५,००,०००।— विनियोजन गरी उक्त इजलास कक्ष निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

रामधुनी नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुवाट सडक वत्ति जडान गरी दिन अनुरोध भई आएकोले ५० वाटको सेन्सर सहितको सडक वत्ति जडान समेत गर्ने गरी चालु आ.व.२०८०।०८१ मा दरभाउपत्रको माध्यमवाट निर्धारण गरिएको लागत प्रति सडक वत्तिको रु.३,१५०।— ( मूल्य अभिवृद्धि कर वाहेक ) दररेट कायम गरी थप सडक वत्ति खरीद गरी जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

अधिकृत श्री विनय परियारलाई रामधुनी नगरपालिकाको आ.ब. २०७९।०८० को आन्तरिक लेखा परिक्षणको अतिरिक्त कार्य सम्पादन गरे बापत चालु आ.ब. २०८०।०८१ मा कर्मचारी प्रत्साहन शिर्षकमा विनियोजित रकममध्येबाट चिया, खाजा र खाना वापतको प्रोत्साहन स्वरुप रु.३०,०००।— उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

रामधुनी नगरपालिका, २ नं. वडा कार्यालयको च.नं. १३१६ मिति २०८०।११।०६ को पत्रबाट आ.ब २०८०।०८१को चालु खर्च तर्फको विविध कार्यक्रम शिर्षकको रकमबाट कट्टा हुनेगरी रु.८०,०००।— बाट एक थान कम्प्युटर खरिद गरिदिन अनुरोध भई आए बमोजिम सो

रकमलाई पुजिगत तर्फ शिर्षकान्तर गरी एक थान डेक्सटप कम्प्युटर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

रामधुनी नगरपालिकामा इन्जिनियर पद रिक्त रहेकोमा कार्यालयको कार्य बोझ बढ्न गएको अवस्थामा छिन्नमस्ता गा.पा. वडा नं. ५ ससरी निवासी संजय कुमार मेहताले सिविल इन्जिनियर पदमा कार्य गर्न अवसर पाउ भनि नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र संलग्न राखि निवेदन दिनुभएकोले मिति २०८० फाल्गुन १५ गतेबाट २०८१ आषाढ मसान्तसम्मको लागि ज्यालादारी पारिश्रमिक शिर्षकमा विनियोजित रकममध्येबाट सेवा सुविधा उपलब्ध गराउने गरी निज संजय कुमार मेहतालाई इन्जिनियर छैठौं स्तरको पदको कार्य गर्ने गरी दैनिक ज्यालादारीमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तपसिल बमोजिमका व्यक्तिहरुले कार्यालय सहयोगीको रुपमा कामकाज गर्न अवसर पाउँ भनि निवेदन गर्नुभएको सन्दर्भमा चालु आ.ब.२०८०।०८१मा कटेन्जेन्सी रकम/ज्यालादारी पारिश्रमिक शिर्षकमा विनियोजित रकममध्येबाट सेवा सुविधा उपलब्ध गराउने गरी निजहरुलाई देहाय बमोजिम दैनिक ज्यालादारीमा कमकाज लगाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | दैनिक ज्यालादारीमा कामकाज लगाउने व्यक्तिको नाम र ठेगाना | कामकाज गर्नुपर्ने क्षेत्र | कामकाज गर्नुपर्ने कार्यालय |
|---|---|---|---|
| १. | श्री हेमराज खड्का (आदित्य), रामधुनी वडा नं.-३ | पत्रबहाक | रामधुनी नगरपालिकाको कार्यालय |
| २. | श्री सविना कुमारी चौधरी, रामधुनी वडा नं.-२ | कार्यालय सहयोगी | रामधुनी आदर्श विद्यालय, वडा नं.५ |

**निर्णय नं. १३**

रामधुनी नगरपालिकाको कार्यालयमा कम्प्युटर तथा मेसिनरी औजार खरिद गर्न आवश्यक भएकोले चालु आ.ब.२८०।०८१को मशलन्द शिर्षकमा विनियोजित बजेटमध्येबाट रु.५,००,०००।- रकमान्तर गरी कम्प्युटर तथा मेसिनरी औजार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

रामधुनी नगरपालिका, ४ नं. वडा कार्यालयको च.नं. १४०७ मिति २०८०।११।११ गतेको पत्रवाट वडा नं. ४ मा रहेको सिन्धु जरायोटार ढकाल बन्धु प्रतिष्ठान शिव मन्दिर रामधुनी-४ इक्राही जाने बाटोमा ग्राभेल गरिदिन अनुरोध भइ आएको र प्राविधिक लागत अनुमान

रु.९९,७५४।— को लागत अनुमान पेश हुन आएकोले चालु आ.ब.२०८०।०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजितमध्येबाट सो कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

रामधुनी नगरपालिका, ६ नं. वडा कार्यालयको च.नं.१६५८ मिति २०८०।११।१३ को पत्रबाट रामधुनी वडा नं.६, बकलौरी देखि पञ्चायन जाने अधुरो क्रमागत कालोपत्रे सडक निर्माण कार्यको लागि ठेक्काबाट बाँकी रहेको रकम रु.४,८१,२५५।- बाट तपसिलका योजनाहरु संचालन गर्नका लागि अनुरोध भई आए बमोजिम निम्नानुसार बजेट बाँडफाड गरी उक्त योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. स्ल्याब कल्भर्ट निर्माण रामधुनी-६।७ को सिमाना पञ्चायनमा रु.३,५१,०००।—
२. बाटो ग्राभेल गणेश चौधरीको घरदेखि बसन्त चौधरीको घरसम्म रु.८०,०००।—
३. सडकबत्ती जडान बक्लौरी बजार विहिबारे हटिया दक्षिण तर्फ रु.५०,२५५।-

निर्णय नं. १६

निम्न बमोजिमको व्यक्तिरसंस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षक/सम्वन्धित कार्यक्रमको शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता/राहात उपलब्ध गराउने निर्णय गरियो |

तपसिल

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता/राहात रकम/जिन्सी |
|---|---|---|---|---|
| १ | कौशिला देवी राई वडा नं.६ | जंगली हात्तीले धनबालि नष्ट गरे बापत | च.नं.१५८७/ २०८०।११।०३ | रु.१०,०००।- |
| २ | सुकल मुखिया गोढी वडा नं. ९ | छोरा वुधे मुखियाको उपचारमा सहयोग | च.नं. ९६९/ २०८०।११।०८ | रु.१०,०००।- |
| ३ | खगेन्द्र प्र.शर्मा दाहाल | तुलसी पुजा खर्च | २०८०।११।०७ | रु.५,०००।- |
| ४ | धनमाया राउत वडा नं. ५ | पति लिला बहादुर राउतको स्वास्थ्य उपचारमा सहयोग | च.नं.१७०४/ २०८०।११।०९ | रु.५,०००।- |
| ५ | नेपाल मुस्लिम इत्तेहाद संगठन, सुनसरी | अधिवेशन कार्यक्रम सहयोग | | रु.१०,०००।- |
| ६ | नेपाल मगर संघ वडा समिति वडा नं.७ | माघी पर्व कार्यक्रम सहयोग | च.नं.१०/ २०८०।१०।०१ | रु.२०,०००।— |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | (आ.ज. शिर्षकबाट खर्च हुनेगरी) |
| ७ | श्री गणेश कार्की वडा नं.५ | छोरा रिमेश कार्कीको क्यानसर रोगको उपचारमा सहयोग | च.नं.१६३३/ २०८०।११।०२ | रु.५,०००।- |
| ८ | चन्देश्वर शिव मन्दिर वडा नं.९ | अष्टजाम कार्यक्रम सहयोग | | रु.२०,०००।- |

**निर्णय नं. १७**

रामधुनी नगरपालिका, २ नं. वडा कार्यालयको च.नं.१२४९ मिति २०८०।१०।२८ गतेको पत्रबाट रामधुनी-२ स्थित रामजानकी मन्दिरमा रंग रोगनको लागि माग भई आए बमोजिम सो कार्यका लागि प्राविधिक लागत अनुमान रु.७५,२८४।०४ पेश भएकोले चालु आ.व. २०८०।०८१ को मर्मत सम्भार शिर्षकबाट उक्त कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

रामधुनी नगरपालिका र अन्तर्गतमा विभिन्न पदहरुको कार्य गर्नका लागि दैनिक ज्यालादारीमा कामकाज लगाइएका कर्मचारीहरुलाई २०८० माघ महिनाबाट जिल्ला दररेट बमोजिमको पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

रामधुनी नगरपालिकाको चालु आ.ब.२०८०।०८१ मा मनोबिमर्श तालिम कार्यक्रम संचालनका लागि हयुमन नेपाल, धनगढीको प्रस्तावना पेश भइ आए बमोजिम मिति २०८०।११।१७ गतेदेखि इटहरीमा आयोजना हुने ६ महिने तालिममा सहभागिहरुलाई कार्यक्रममा सहभागिताका लागि निम्न व्यक्तिहरु पठाउने र इटहरीमा संचालन हुने सो तालिमको १५ दिने सैद्धान्तिक कक्षामा रामधुनी नगरपालिकामा दैनिक ज्यालादारीमा बाल हेल्प डेक्स सम्पर्क व्यक्ति पदमा कार्यरत श्री अमन ढुङ्गेललाई तालिममा सहभागि भएको प्रमाणित हाजिर ल्याएमा पारिश्रमिक सुविधा उपलब्ध निर्णय गरियो ।

**तपसिल**

१. श्री अमन ढुङ्गेल — बाल हेल्प डेक्स सम्पर्क व्यक्ति
२. श्री सुशिला ढुङ्गाना — वडा महिला सदस्य तथा कार्यपालिका सदस्य
३. श्री निलम चौधरी — वडा महिला समिति सदस्य
४. श्री सोम कुमारी सुनुवार — कार्यपालिका सदस्य

**निर्णय नं. २०**

रामधुनी नगरपालिकाको दमकल चालक विश्व गच्छदारलाई खाना, खाजा खर्च बापत मासिक थप रु.५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

७/८

बैठक संख्याः ३१।२०८०
बैठक मितिः २०८०।११।१४, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. २१

रामधुनी नगरपालिकामा हाल सुचना प्रविधि अधिकृतको पद रिक्त रहेकोले सुचना प्रविधि सम्वन्धी कार्य सम्पादन गर्न अप्ठ्यारो पर्न गएकाले इनरुवा नगरपालिका, इनरुवामा सुचना प्रविधि अधिकृतको रुपमा कार्यरत श्री निरज पोखेलबाट आवश्यक्ता बमोजिम विज्ञको रुपमा सहयोग लिने निर्णय गरियो ।